Sangam®

आज मिति २०८२ श्रावण २९ गते बिहिबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपशील वमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८२/०८३ को **दोस्रो** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

<u>उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री केशव अधकारी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री काजीमान राई | सचिव | |

**प्रस्तावहरु**

१. आ. ब. २०८२/ ०८३ को पहिलो कार्यपालिका बैठकको कार्यान्वन समिक्षा सम्वन्धमा।

२. जंगली हात्तीले अन्नबाली क्षती गरेको राहत आर्थिक सहायता सम्बन्धमा।

३. चौ. न. पा ४ नं वडामा टिपर नियनत्रण र माटो उत्खनन कार्यको छानविन गर्न समिति गठन सम्बन्धमा।

४. राजश्व शाखा प्रमुखलाई छानविन तथा कार्बाही गर्ने सम्बन्धमा।

५. जिल्ला अनुगमन तथा समन्वंय समितिलाई जानकारी गराउने सम्बन्धमा।

६. नगर योजना आयोग गठन सम्बन्धमा।

७. चौदन्डीगढी दरवार क्षेत्रमा मनाइने मौलो पुजा सम्बन्धमा।

८. घरमा आगलागी आर्थिक सहायता सम्बन्धमा।

९. चौ. न. पा ९ नंङ अजगरा पुर्बटोल ज्यामिरे जोड्ने झोलुङ्गे पुल निर्माणको लागि DPR गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ श्रावण ०४ गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को पहिलो नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर ३ को विभिन्न स्थानमा जङ्गली हात्तीको बथानले स्थानीयबासीले लगाएका अन्नबाली तथा आवासमा क्षती पुर्याएको हुँदा कार्यपालिकाको बैठकबाट गठित अनुगमन तथा मूल्याङ्कन समितिमार्फत् तपशील वमोजिमको प्रतिवेदन कार्यालयमा पेश गरेको हदा विपद व्यवस्थापन कोषबाट निम्नानुसारको रकम भुक्तानी दिने निर्णय गरियो-

**तपशील**

| क्र.सं | कृषकको नाम | वडा नं | मकैको क्षेत्रफल (कट्ठा) | सिमल तरुलको क्षेत्रफल (कट्ठा) | क्षतिको क्षेत्रफल (कट्ठा) | अनुमानित भएको क्षति (%) | अनुमानित क्षति भएको मुल्य रु. | भुक्तानी दिने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | खिना कुमारी राई | ३ | ३ | | १.५ | ५०% | ६७९०/ | ६५००/- |
| २. | मनहिरा मगर | ३ | २ | | २ | १००% | ९०५२/ | ९०००/- |
| ३. | गुनु मगर | ३ | २ | | १ | ५०% | ४५२६/ | ४५००/- |
| ४. | शिव कुमारी राई | ३ | २ | | १ | ५०% | ४५२६/ | ४५००/- |
| ५. | मस्त बहादुर राई | ३ | ४ | | ३ | ७५% | १३५७८/ | १००००/- |
| ६. | लहरी राई | ३ | ३ | | १.५ | ५०% | ६७९०/ | ६५००/- |
| ७. | राम बहादुर राई | ३ | | ३ | 1.5 | ५०% | ९०००/ | ९०००/- |
| ८. | बल बहादुर मगर | ३ | ४ | | ३ | ७५% | १३५७८/ | १००००/- |
| ९. | धन बहादुर तामाङ्ग | ३ | ६ | | ५ | ८४% | १९५३०/ | १००००/- |
| १०. | हरि बहादुर तामाङ्ग | ३ | १ | | १ | १००% | ४५२६/ | ४५००/- |
| ११. | राज कुमार परियार | ३ | ५ | | ३ | ६०% | १३५७८/ | १००००/- |
| १२. | टेक बहादुर नेपाली | ३ | ४ | | २ | ५०% | ९०५२/ | ९०००/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३. | खिनामाया नेपाली | ३ | २ | | २ | १००% | ९०५२/ | ९०००/- |
| १४. | कालुमान नेपाली | ३ | २ | | २ | १००% | ९०५२/ | ९०००/- |
| १५. | मान बहादुर मगर | ३ | २ | | १ | ५०% | ४५२६/ | ४५००/- |
| १६. | चन्द्र तामाङ्ग | ३ | | २ | १.५ | ७५% | ९०००/ | ९०००/- |
| १७. | बिना राई | ३ | | २ | १.५ | ७५% | ९०००/ | ९०००/- |
| १८. | किर्तिमान परियार | ३ | | २ | १.५ | ७५% | ९०००/ | ९०००/- |

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा मिति २०८२ श्रावण २७ गते बेलुकी करिब ६ बजेको समयमा यस नगरपालिकाको वडा नम्बर ४ मा पर्ने शनिबारे टोलबाट स्थानीय नागरिक, नगर प्रहरी र इलाका प्रहरीको सहकार्यमा तपशील वमोजिमको १७ थान हाइवा ट्रिपरमार्फत् अवैध रुपमा निषेधित समयमा २ नम्बर प्रदेशतर्फ लैजादै गरेको ढुङ्गा, गिट्टी र माटो नियन्त्रणमा लिइ नगरपालिका परिसरमा (हाल शसस्त्र प्रहरी बेश क्याम्प बेलटारमा) राखेर अनुसन्धान प्रक्रिया अगाडी बढाइएको छ-

**तपशील**

| क्र.सं. | चालकको नाम | गाडी नम्बर |
|---|---|---|
| १ | प्रेम चौधरी | स-१-क १२१६ |
| २ | रञ्जित चौधरी | प्र-२-०३-००१-ख ७०४६ |
| ३ | महेश कुमार मण्डल | प्र-१-०२-००१ख-९०१७ |
| ४ | हरिकृष्ण यादव | को-१-ख ७२७१ |
| ५ | राजनारायण चौधरी | प्र-१-०२-००१-क ३८९५ |
| ६ | लक्ष्मी प्रसाद यादव | प्र-१-०२-००१-क ५६३१ |
| ७ | अरबिन कुमार इश्वर | प्र-१-०२-००१-ख ९८१५ |
| ८ | शिवराम चौधरी | प्र-१-०२-००१-क ५१४७ |
| ९ | कृपानन्द यादव | ना-८-ख ४७३२ |
| १० | एम डी अनसारुल | स-१-प २५२ |
| ११ | राम गिरी | मधेश प्रदेश-०३-००१-क २०६८ |
| १२ | गणेश चौधरी | को-१-ख-७८१४ |
| १३ | निरज चौधरी | प्र-२-०३-००१-क १५७६ |
| १४ | बिरबहादुर थापा | सु-प-प्र-०१-००१-क २३६६ |
| १५ | नवराज मगर | स-प-प्र-०१-००१- क २३६५ |
| १६ | शिवनारायण यादव | ना-८-ख- ४०७६ |
| १७ | जिवन चौधरी | प्र-२-०३-००१-ख ७०४५ |

अनुसन्धानको क्रममा उक्त सामाग्री यस नगरपालिकाको वडा नम्बर ४ भित्र पर्ने चरन टोलमा रहेको केशरबहादुर भुजेलको कित्ता नम्बर ८० भएको जग्गाबाट बिगत एक हप्ताभन्दा बढी समयदेखि नै अवैध रुपमा एशियन हाइ-वे निर्माणका नाममा केही व्यक्तिहरुको मिलेमतोमा चोरी निकाशी भइरहेको भन्ने जानकारी खुल्न आएको छ ।
नगर प्रमुख र कार्यालय प्रमुखसमेत बिदामा बसेको बखतमा भएका यस्ता गतिविधिलाई निजहरुको उपस्थिति हुनसाथ नियन्त्रणमा लिने कार्य भएको छ ।

कसको आदेशमा ? कुन कम्पनीमार्फत् ? सो सामाग्री कहिलेदेखि ? कति मात्रामा ? कहा लगिएको हो ? भन्ने तथ्य पत्ता लगाउनका लागि स्थलगत रुपमा अध्ययन गरी स्थलगत फोटो समावेश गरी कार्यालयमा सिफारिसहित प्रतिवेदन पेश गर्नका लागि तपशील वमोजिमको समिति गठन गर्ने निर्णय गरियो-

**तपशील**

**संयोजक**- प्रकाशा राउत - भौतिक पूर्वधार विकास समितिको संयोजक (९ नम्बर वडाअध्यक्ष)
**सदस्य** - लुङ्गाराज राई- बन तथा बातावरणसमितको संयोजक (४ नम्बर वडा अध्यक्ष)
**सदस्यसचिव**- सन्तोष राई (इञ्जिनयर, पूर्वाधार विकास शाखा)

***उल्लिखित समितिले टिपर चालक र सम्बन्धित सरोकारवाला सबैसँग समन्वय गरेर ३ दिनभित्र तथ्य प्रमाण कार्यालयमा पेश गर्न लगाउने निर्णय गरियो ।***

साथै प्रतिवेदन पेश भएपश्चात् सो प्रतिवेदन तथा सिफारिसका आधारमा सामाग्रीसहित नियन्त्रणमा लिइएको १७ थान ट्रिपरलाई कोशी प्रदेश सरकारमार्फत् जारी भएको ***कोशी प्रदेश सरको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको ऐन, २०८२*** को अनुसूची १४ को १ (ग) र यस नगरपालिकाको ***आर्थिक ऐन, २०८२*** को अनुसूची १३ को १ मा भएको व्यवस्थाअनुसार **प्रतिटिपर रु. १००,०००/- (एक लाख)** का दरले जरिवाना गराइ सो रकम आन्तरिक राजश्व खातामा जम्मा गर्ने र जफत भएको सामाग्री निश्चित स्थामा स्टक गरे पश्चात् सवारी धनीलाई ट्रिपर जिम्मा लगाउने । तोकिएको समयमा सवारी धनी सम्पर्कमा नआएमा वा दावी गर्न नआएमा कानुन वमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै स्काभेशनका लागि प्रयोग भएका स्काभेटर र ब्याक हो लोडर उत्खनन् सथानबाट अन्यत्रै भगाइ सकेको हुँदा उक्त मेसिनसमेत प्रहरी तथा स्थानीयबासीको सहयोगमा खोजतलास गरी कारबाहीको प्रक्रिया अगाडी बढाउने गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा अवैध रुपमा निशेधित समयमा उत्खनन कार्य भइरहदासमेत यस नगरपालिकाको कार्यालयमा राजश्व शाखाको प्रमुखका रुपमा कार्यरत प्रकाश बनले नगर प्रमुख र कार्यालय प्रमुखलाई कुनै पनि जानकारी नदिएको, कार्यालय प्रमुखले पटक-पटक मौखिक जानकारी लिँदासमेत यस्ता गतिविधि भएको छैन भन्ने जानकारी दिने गरेको थियो । ट्रिपर जफत भएपश्चात् छानबिन गर्ने क्रममा तथा स्थानीयबासी समेतको गुनासो र मौखिक उजुरीका आधारमा निज प्रकाश बनको समेत प्रत्यक्ष/अप्रत्यक्ष संलग्नता भएको आशङ्का देखिन आएको हुँदा निजलाई कानुनमा भएको व्यवस्थाअनुसार छानविन गरी आवश्यक कारबाहिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा उल्लिखित स्थानमा अवैध रुपमा भइ रहेको उत्खननलाई नियन्त्रण लिनका लागि स्थानीयबासी, नगर प्रहरी र इलाका प्रहरी कार्यालय बेल्टारबाट भएको

हालसम्मको कार्यका बारेमा नगर प्रमुख र कार्यालय प्रमुखले मौखिक रुपमा जिल्ला समन्वय प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराइ गरिसकेको भए तापनि कार्यालयका तर्फबाट हालसम्म भएका कारबाहीका बारेमा जिल्ला अनुगमन तथा समन्वय समितिलाई लिखित जानकारी गराउने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस नगरपालिकाको १८ औँ नगरसभाबाट नगर योजना आयोग ऐन, २०८२ परित भएसकेको र सो ऐनमा भएको व्यवस्था वमोजिम यस नगरपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को पहिलो कार्यपालिका बैठबाट नगर योजना आयोग गठन तथा सञ्चालन कार्यविधि २०८२ समेत पारित भइसकेको हुँदा सो कार्यविधमा भएको व्यवस्थाअनुसार तपशील वमोजिमको नगर योजना आयोग गठन गरी २०८२ भाद्र १ गतेबाट लागू हुने गरी सञ्चालन गर्ने निर्णय गरियो-

**तपशील**

| | |
|---|---|
| (क) चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख | - अध्यक्ष |
| (ख) किशोर ताम्राकार | - उपाध्यक्ष |
| (ग) नगरपालिकाका विषयगत समितिका संयोजक ५ जना | - सदस्य |
| (घ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख | - सदस्य सचिव |

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा १ नम्बर वडा कार्यालयको सिफारिसका आधारमा साविकदेखि नै विजया दशमीको अवसरमा चौदण्डीगढी दरबार क्षेत्रमा मानाउँदै आएको मौलो पूजा यस बर्ष पनि मानउनका लागि धर्म संस्कृति तथा चाडपर्व शीर्षकबाट रु. १५०,०००/- भुक्तानी दिने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा ४ नम्बर वडा कार्यालयमार्फत् प्राप्त भएको पत्र उपर छलफल गर्दा २०८२ असार २९ गते दुर्गाप्रसाद राईको काठको घरमा आगलागी भइ भौतिक संरचनामा क्षति पुग्न भएको हुँदा निजलाई विपद व्यवस्थापन कोषबाट रु. ५०,०००/- सहयोग गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा चालू आर्थिक वर्षका लागि संघीय सरकारबाट वडा नम्बर ९ स्थित अजगरा पूर्वटोल ज्यामिरेको त्रियुगा नदीमा करिव ५६० मिटर लम्बाइ भएको झलुङ्गे पुल निर्माण गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भइसकेको । तर सो योजनाको खरिद प्रक्रियामा लैजानका लागि सम्बन्धित निकायबाट त्यस पुलको बिस्तृत परियोजना प्रतिवेदन यस पालिकामार्फत् तयार गर्नका लागि अनुरोध भइ आएको हुँदा अन्य परामर्श सेवामा विनियोजन भएको रकमबाट सो कार्य अगाडी बढाउने निर्णय गरियो ।

आज मिति २०८२।०५।०४ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा तपशिल बमोजिम वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितीमा चालु आ. व. २०८२/०८३ को तेस्रो नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ४ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ५ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ६ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ७ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ८ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| ९ | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| १० | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| ११ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५३०८ | |
| १२ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १४ | श्री जय कुमार राई | कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १८ | श्री स्मृति तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २० | श्री शान्ति देवी चौधरी | कार्यपालिका सदस्य | ९८१९९१००३८ | |
| २१ | श्री काजीमान राई | सचिव | ९८५२८४४०४७ | |

**आमन्त्रित**

**किशोर तामाकार नगर योजना आयोग उपाध्यक्ष**

**प्रस्तावहरु**

१. आं. ब. २०८२/०८३ को दोस्रो कार्यपालिका बैठकको कार्यान्वन समिक्षा सम्वन्धमा ।
२. आ.व. २०८१/०८२ को योजना कार्यान्वयन प्रगती समिक्षा सम्बन्धमा ।
३. क्यान्सर स्याटेलाइट क्लिनिक सम्बन्धमा ।
४. नगरपालिका जनप्रतिनिधि र महिला कर्मचारीहरुको तिज कार्यक्रम सम्बन्धमा ।
४क. श्री आधारभुत विद्यालय गडन्ता चौ. न . पा. १ लाई जस्तापाता उपलब्ध गराउने सम्बन्धमा ।
५. चौ. न. पा. -४ केशर बहादुर भुजेलको जग्गाबाट माटो उत्खनन तथा निकासी सम्बन्धी छानविन समितिले पेश गरेको प्रतिबेदन सम्बन्धमा ।
६. तलव भत्ता उपलब्ध गराउनको लागि नगर अस्पताललाई पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा ।
७. कवाडी सामान निकाशी सम्बन्धमा ।
८. नगरपालिकामा रिक्त दरबन्दीमा करार सेवा लिनको लागि विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा ।
९. मागमा आधारित प्रबर्दनात्मक कार्यक्रम सञ्चालन कार्यविधी, २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।
१०. वडा नं. ९ मा सरसफाई कर्मचारीहरुको तलब भत्ता व्यबस्थापन सम्बन्धमा ।
११. विद्युत हेल्पर नियुक्ती सम्बन्धमा ।
१२.तेक्वान्दो प्रशिक्षक नियुक्ती सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ श्रावण २९ गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को दोस्रो नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस नगरपालिकाको नगरसभामार्फत् आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत भएका योजना तथा कार्यक्रमको कार्यान्वयन तथा उपलब्धिका बारेमा तपशीलको मिति, समय र स्थानमा बार्षिक समिक्षा सम्पन्न गर्ने निर्णय गरियो-

**तपशील**

मिति - २०८२ भाद्र
समय - बिहान ११ बजेदेखि
स्थान - नगरपालिकाको सभाहल

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा बिराट टेक्निकल हस्पिट, बिराटनगरमार्फत् प्राप्तपत्रानुसार उक्त संस्थामार्फत् यस नगरपालिकाका नगरबासीहरुलाई सहज रुपमा समयमा नै प्रभावकारी क्यान्सर स्याटेलाइट क्लिनिक महिनाको १ दिन सञ्चालन गर्नका लागि आवश्यक स्थान र जनशक्ति माग गरेको हुँदा सञ्चालनको अनुमति र आवश्यक जनशक्ति उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा नजिकै आइरहेको नेपाली नारीहरुको माहन पर्व हरितालिका तीजलाई यस नगरपालिका तथा मातहतमा कार्यरत महिला जनप्रतिनिधि तथा कर्मचारीहरुले समत भव्य रुपमा मिति २०८२ भाद्र ६ गते शुक्रबार मनाउनका लागि आवश्यक रकमका लागि माग पत्र पेश भएको हुनाले **विभिन्न जातीय चाडबाड, धर्म संस्कृती संरक्षण कार्यक्रम** शीर्षकमा बिनियोजन भएको रकमबाट रु. १३५,०००/- खर्च लेख्ने निर्णय गरियो ।

४.क) प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा श्री आधारभूत विद्यालय (बा.वि.के.) गडन्ता, चौदण्डीगढी नगरपालिका वडा नम्बर १ बाट विद्यालय भवनको छना चुहिएको हुनाले मर्मत गर्न तथा नयाँ जस्तापाता फेर्नका लागि वडा कार्यालयको सिफारिससहित माग भइ आएको हुनाले १२ बण्डल जस्तापाता खरिद गरेर उपलब्ध गराउने निर्णय गरियो ।

५. *प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर ४ मा पर्ने पर्ने चरन टोलमा रहेको केशरबहादुर भुजेलको कित्ता नम्बर किता नं. ८०, २४८, २४९, १९७ को जग्गाबाट अवैध रुपमा एशियन हाइ-वे निर्माणका नाममा केही व्यक्तिहरुको मिलेमतोमा माटोको चोरी निकाशी भएको विषयमा छानबिन गरी प्रतिवेदन र सिफारिस गर्नका लागि गठन भएको छानबिन समितिले पेश गरेको प्रतेवेदन उपर व्यापक छलफल गरियो ।*

***छलफलपश्चत् उक्त विषयमा तपशील वमोजिम गर्ने गराउने निर्णय गरियो-***

(क) उक्त स्थानमाबाट अवैधरुपमा उत्खनन भएको जम्मा **१९८९०.६७५** घनमिटर माटोको राजश्व साँवा रु. १४,०५,०७७.२९/- (१९८९०.६७५*२*३५.३२= **१४,०५,०७७.२९**) र सोको दोब्बर जरिवाना गरी जम्मा **रु. २८,१०,१५४.५७/-** कोशी प्रदेशको आर्थिक ऐन, २०८२ को अनुसूची १४ बमोजिम सिताराम कन्ट्रक्सनलाई **१५ दिनभित्र** राजश्व/जरिवाना दाखिला गराउन पत्राचार गर्ने र तोकिएको समयमा राजश्व दाखिला नगरेमा कानुनी कारवाही अगाडी बढाउने ।

(ख) माटो अबैध रुपमा चोरी निकासी भैरहेकै बखतमा नियन्त्रणमा लिइएको १७ वटा टिफरका सम्बन्धमा बानिया बिल्डर्सका सुसन बाँनियामार्फत् कोशी प्रदेशको आर्थिक ऐन, २०८२

८. प्रस्ताब नम्बर ८ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयमा रिक्त रहेको तपशील वमोजिमको पदहरुमा करार सेवामार्फत् पदपूर्ती गर्नका लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो-

तपशीलः

| क्र. सं. | पद/तह | माग पद सङ्ख्या | कर्चारी पदपूर्तीका लागि बजेटको स्रोत |
|---|---|---|---|
| १. | जनस्वास्थ्य अधिकृत (सातौं तह) | १ (एक) | म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घर टोलमा स्वास्थ्य कार्यक्रम |
| २. | पोषण सहायक | १ (एक) | बहुक्षेत्रीय पोषण कार्यक्रम |
| ३. | MIS फिल्ड सहायक (चौथो तह) | १ (एक) | व्यक्तिगत घटना दर्ता कार्यक्रम |
| ४. | अ.न.मी. (चौथो तह) | १ (एक) | स्थानीय तहमार्फत् मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन |
| ५. | अ.स. इञ्जिनियर (चौथो तह) | १ (एक) | करार सेवा सञ्चालन |
| ६. | बैद्य (चौथो तह) | १ (एक) | नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान |

९. प्रस्ताब नम्बर ९ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयका लागि आवश्यक रहेको ***मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम सञ्चालन कार्यविधि, २०८२*** लाई सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

१०. प्रस्ताब नम्बर १० उपर छलफल चौदण्डीगढी नगरपालिका वडा नम्बर ९ को वडा कार्यालयको मित २०८२ श्रावण ३० गतेको चलानी नम्बर २०८२/०८३-०९-००३६६ गतेको प्राप्त पत्रउपर यस बैठकमा छलफल गर्दा तपशील वमोजिम गर्ने गराउने निर्णय गरियो-

(क) वडा नम्बर ९ को कार्यालयमा लामो समयदेखि वडामा बिनियोजन भएको प्रशासनिक खर्चबाट भुक्तानी दिने गरी न्यून पारिश्रमिकमा काम गर्दै आएको सोही वडा निवासी जानुका कुमारी कार्कीलाई वडा सचिवले हाजिरी प्रमाणित गरेर नगरपालिकामा पेश गरेपश्चात् नगरपालिकाको प्रशासनिक खर्चतर्फ बिनियोजन भएको बजेटबाट अदक्ष कामदारले प्राप्त गर्ने दैनिक ज्यालादारीको दररेटमा पारिश्रमिक उपलब्ध गराउने गरी दैनिक कामकाज गर्ने गराउने ।

(क) वडा नम्बर ९ को हडिया स्वस्थ्य चौकीमा लामो समयदेखि स्वस्थ्य चौकीमा सङ्कलन हुने राजश्वबाट भुक्तानी हुने गरी न्यून पारिश्रमिकमा काम गर्दै आएको सोही वडा निवासी सविता दङ्गाललाई स्वस्थ्य चौकी प्रमुखले हाजिरी प्रमाणित गरेर नगरपालिकामा पेश गरेपश्चात् नगरपालिकाको प्रशासनिक खर्चतर्फ बिनियोजन भएको बजेटबाट अदक्ष कामदारले प्राप्त गर्ने दैनिक ज्यालादारीको दररेटमा पारिश्रमिक उपलब्ध गराउने गरी दैनिक कामकाज गर्ने गराउने ।

११. प्रस्ताब नम्बर ११ उपर छलफल यस नगरपालिकाको भौगोलिक क्षेत्र अत्यन्त ठूलो रहेको हुनाले ती क्षेत्रहरुमा भएका विद्युतीकरणलाई नियमित रुपमा मर्मत गर्नका लागि नगरपालिकाको कार्यालयमा १ जनामात्र विद्युत हेल्पर भएको हुनाले सेवा प्रवाहमा अत्यन्तै धेरै कठिनाइ रहेको छ । सो कठिनाइलाई समाधन गरी सेवालाई सहज तुल्याउनका लागि यस नगरपालिकाको वडा नम्बर ८ निवासी इश्वरकुमार राईलाई अदक्ष कामदारका रुपमा २०८२ श्रावण १ गतेबाट लागू हुने गरी दैनिक ज्यालादारीमा कामकाज लगाउने निर्णय गरियो ।

१२. प्रश्ताव नं. १२ माथी छलफल गर्दा यस चौ. न. पा. ३ निवासी सम्पदा राईले तेक्वान्दो प्रशिक्षकमा नियुक्ती पाउँ भनी पेश गरेको निबेदन सम्बन्धमा निजलाई मिति २०८२।०५।०१ गते देखि लागू हुने गरी चौदण्डीगढी नगरपालिकाको **तेक्वान्दो प्रशिक्षक** मा नियुक्ती गर्ने निर्णय गरियो । निजको तलव भत्ता खेलकुद शाखामा विनियोजित बजेट शिर्षक **खेल प्रशिक्षक( फुटबल, हेन्डबल र तेक्वान्दो)** बाट भुक्तान गर्ने निर्णय गरियो।